# नेपालको माओवादी जनयुद्ध र किरात राई समुदाय
# (Maoist People's War of Nepal and the Kirat Rai Community)

**पर्वतकुमार राई[१]**

## १. सार

बि.सं. २०४६ सालको जनआन्दोलनबाट स्थापना भएको बहुदलीय संसदीय राजनीतिक प्रणाली अन्तर्गत बि.सं. २०४८ सालमा सम्पन्न संसदीय निर्वाचन मार्फत ९ वटा संसद सदस्यमा बिजय हासिल गरेर संसदीय राजनीतिक प्रणालीमा सहभागी भएको तत्कालीन राष्ट्रिय जनमोर्चा बि.सं. २०५२ देखि भूमिगत भएको हो। उक्त जनमोर्चा भूमिगत मात्र भएन बरु ने.क.पा. माओवादीको नामबाट सशस्त्र जनयुद्धमा समेत प्रबेस गर्यो। तत्कालीन श्री ५ को सरकारको नेतृत्व गरिरहेका शेरबहादुर देउवा समक्ष ४२ बुँदे राजनीतिक, सामाजिक र आर्थिक मागपत्र पेश गर्दै माग पुरा गर्न समयसीमा तोकेर आन्दोलनको संकेत गरेको माओवादी पार्टीले बि.सं. २०५२ फाल्गुन १ गतेबाट सशस्त्र आन्दोलन शुरु गरेको थियो। उक्त जनयुद्धमा नेपालका आदिवासी जनजाति, दलित, मधेसी र उत्पीडित समुदायका मानिसहरु अत्यधिक संख्यामा सहभागी भए। आदिवासी जनजातिमध्ये एक किरात राई समुदायका मानिसहरु किन माओवादी सशस्त्र जनयुद्धमा सहभागी भए ? यो बिद्यमान एउटा मुख्य प्रश्न हो। माओवादी जनयुद्धमा उठाइएका मुद्धाहरु र बर्तमान अवस्थामा के भिन्नता छ ? यो दोश्रो प्रश्न हो। यिनै प्रश्नहरुको उत्तर खोज्नु यस लेखको मुल उद्देश्य हो। बर्णनात्मक ढाँचामा तयार गरिएको यो लेख गुणात्मक रुपमा प्रस्तुत गरिएको छ। द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कहरुको अधिकतम उपयोग गरिएको यो लेखमा एपिए फर्म्याटको सातौ भर्सन अनुसरण गरिएको छ। मुद्धाका हिसाबले जनयुद्धमा सामेल भएका समुदायलाई निरन्तर गोलबन्द गरिरहनका लागि जनयुद्धका समयमा उठाइएका तर थाती रहेका राजनीतिक, सामाजिक र आर्थिक मुद्धाहरु उठाउँदै पुन संगठित हुने र आन्दोलनलाई निरन्तरता दिने अबको कार्यभार बनाइनु पर्दछ भन्ने यो लेखको निष्कर्श हो।

## २. मुख्य शब्द

स्वायत्तता, पहिचान, गणतन्त्र, संघीयता, बलिदान।

## ३. परिचय

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक देश हो। १२५ जातिहरुको वसोवास भएको नेपाल देशमा १२३ भाषा बोलचालमा रहेको छ। १० भन्दा बढी धार्मिक समुदायको वसोवास भएको यो देशमा बिभिन्न संस्कृति जीवित छ। लामो समयसम्म यो देशमा बहुधर्म, बहुसंस्कृति, बहुभाषा, बहुजातिको ब्यबहारिक अनुभूति हुन सकेन। यसको मुल कारण भनेको एक धर्म, एक भाषा, एक संस्कृति लाद्ने राजतन्त्रात्मक शासन

१. भोजपुर बहुमुखी क्याम्पस, भोजपुर, नेपाल, Email: parbatr2022@gmail.com
Article history: Received on: Nov. 19, 2024; Accepted on: Dec. 6, 2024; Published on: Jan. 31, 2025
Peer Reviewed under the authority of THE ACADEMIA, journal of NUTAN, central committee, Kathmandu, Nepal, with ISSN 2350-8671 (Print).
Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

थियो। यसको बिरुद्ध नेपालका आदिवासी जनजाति र कतिपय चेतनशील परिबर्तकारी अन्य समुदाय समेतले पञ्चायतकालदेखि नै प्रकारान्तरमा आवाज उठाउदै आएका थिए। यो देशलाई हिन्दु अधिराज्य बनाउने, एक भाषा एक भेष अनिवार्य बनाउने, सांस्कृतिक विविधतालाई नमान्ने र सांस्कृतिक सलाद बोल होइन सांस्कृतिक मेल्टिङ पट बनाउने राजतन्त्रात्मक नियतबाट गुज्रिदै आएको नेपाल देशमा बि.सं. २०५२ साल फाल्गुन १ गतेबाट शुरु गरिएको माओवादी सशस्त्र जनयुद्धले परिबर्तनका लागि शंखघोष गरेको थियो। राजनीतिक मुद्धा मिल्नेहरुबीच कार्यगत एकता हुनु, पूर्ण एकता हुनु वा समर्थनमा जुट्नु राजनीतिक कार्यनीति र रणनीतिका दृष्टिबाट स्वभाविक मानिन्छ। यही क्रममा सताब्दिऔंदेखि भाषा, धर्म, संस्कृति, जाति र ईतिहासको समावेसी पहिचान खोजिरहेका नेपालका आदिवासी जनजातिहरुका लागि माओवादी आन्दोलनले उठाएको मुद्धा के खोज्छस कानो आँखो भने भैं भएको हो। यो परिस्थितिले अधिकतम संख्यामा आदिवासी जनजातिहरु र किराँत राई समुदायको सहभागिता माओवादी सशस्त्र आन्दोलनमा भएको हो। पहिचान, समावेसिता र संघियताको साझा मुद्धामा सहमत भएर किरात राई समुदाय माओवादीले उठाएको सशस्त्र जनयुद्धमा सामेल भएको हो। यसर्थ नेपालका आदिवासी जनजाति खासगरी किरात राई समुदाय माओवादी सशस्त्र जनयुद्धमा मुद्धाको हिसाबले अधिकतम संख्यामा सहभागी हुनु अनिवार्य थियो। त्यो सहभागिताबाट यो देशमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेसितालाई संबैधानिक मान्यता दिन सम्भव भएको छ। यद्यपि सम्झौतामा पुगेर टुङ्गिएको माओवादी सशस्त्र जनयुद्धले उठाएका सबै मुद्धा पुरा हुन सकेन। खासगरी पहिचानमा आधारित प्रदेश गठन गर्ने, जातिय जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिस्चित गर्ने र पूर्ण समानुपातिक प्रतिनिधित्वको ब्यबस्था र जनगणतन्त्र स्थापना जस्ता महत्वपूर्ण राजनीतिक मुद्धाहरु थाँती रहेका छन्। थाँती रहेका मुद्धाहरु बाँकी कार्यभारका रुपमा ग्रहण गर्नु माओवादी आन्दोलन र किरात राई समुदायको बर्तमान राजनीतिक दायित्व हो।

### ३.१ **समस्याको कथन**

मुल रुपमा माओवादी आन्दोलनमा उठाइएका राजनीतिक, सामाजिक र आर्थिक मुद्धाहरु पुरा नभै जनयुद्ध समाप्त भयो। जनयुद्धमा उठाइएका सबै खाले मुद्धाहरुको उचित सम्बोधन भएमा नेपालका आदिवासी जनजाति, दलित, मधेसी, उत्पीडित र महिलाहरुको समस्या समाधान हुन्छ भन्ने विश्वासका साथ आम मानिसको बिशाल सहभागिता भएको थियो। तर जनयुद्धको अन्त्य मुद्धाहरुमाथि अपेक्षाकृत सम्बोधनबिना भयो। यसबाट आम मानिसमा निराशा र अविश्वासको श्रृजना भएको छ। नजयुद्धकालमा उठाइएका मुद्धाहरुको समीक्षा विद्यमान अवस्थामा गर्न आवश्यक छ, जसले आगामी कार्यभार निर्धारण गर्न मद्धत गर्नेछ। जनयुद्धकालमा उठाइएका मुद्धाहरुतर्फ ध्यान नदिने र आगामी कार्यभार अन्यौलपूर्ण भैरहने अवस्था माओवादी पार्टी र किरात राई समुदायबीचको समस्या हो।

### ३.२ **शोध प्रश्न**

यो लेखमा खासगरी दुई वटा प्रश्न शोध प्रश्नका रुपमा खडा गरिएको छ।

- किरात राई समुदाय माओवादी जनयुद्धमा मुख्यत किन सहभागी भएका थिए ?
- माओवादी जनयुद्धकालमा उठाईएका मुद्धाहरु र बर्तमान अवस्थामा के तादात्म्यता छ ?

### ३.३ **उद्देश्य**

शोध समस्याका रुपमा उठाइएका प्रश्नहरुको उत्तर खोज्नु यो लेखको मुख्य उद्धेश्य हो। उद्धेश्य निम्न अनुसार रहेको छ।

- किरात राई समुदाय माओवादी जनयुद्धमा सहभागी हुनुको मुख्य कारण पत्ता लगाउनु ।
- माओवादी जनयुद्धकालमा उठाईएका मुद्धाहरु र बर्तमान राजनीतिक अवस्थाबीचको तादात्म्यता पत्ता लगाउनु ।

### ३.४ सीमा

नेपालको माओवादी आन्दोलनमा किरात राई समुदाय भन्नाले ब्यक्तिगत र संस्थागत रुपमा भएको सहभागीतालाई लिईएको छ । किरात राई समुदायसँग सम्बन्धित राजनीतिक मुद्धा र बर्तमान राजनीतिक अवस्थाको तादात्म्यता खोजिएको छ ।

### ३.५ शोध विधि

बर्णनात्मक ढाँचामा तयार गरिएको यो लेख गुणात्मक स्वरुपमा प्रस्तुत गरिएको छ। द्बितीय श्रोतबाट प्राप्त  भएका तथ्याङ्क र सूचनाहरुको उपयोग गरिएको छ। द्बितीय श्रोतका रुपमा पुस्तक, जर्नल, वेभसाईट र अखवारहरुलाई लिईएको छ। एपिए स्टाईलको सांतौं संस्करण अनुसरण गरिएको छ।

### ३.६ सैद्धान्तिक अवधारणा

अमेरिकी राजनीतिशास्त्री एरेन्ड जे. लिजफार्ट (A. J. Lijphart) को कन्सोसियसनल डिमक्रेसीको सिद्धान्तलाई यो लेखका लागि मुख्य सैद्धान्तिक आधार मानिएको छ। बहुरुपी सामाजिक बनोट भएको राज्यमा समावेसी र सहमतीय प्रारुपको प्रजातन्त्र सबै भन्दा उपयोगी र दिगो हुन्छ। यसबाट मात्र समाजका सबै पक्षको अपनत्वको श्रृजना हुन सक्दछ। राज्यभित्र अवस्थित प्रत्येक पक्षको पहिचानलाई आत्मसात गर्ने र उनीहरुको अस्तित्वलाई शासन प्रक्रियामा स्थान दिने बिषय प्रजातन्त्रको मुल आधार हुनु पर्दछ। एरेण्ड जे. लिजफार्ट आधुनिक राजनीतिक सिद्धान्तका एक सिद्धान्तकार हुन् । लिजफार्टका अनुसार, बहुमतीय प्रजातन्त्र भन्दा शक्ति साझेदार हुने सहमतिय प्रजातन्त्र धेरै मानेमा असल प्रजातन्त्र हुन्छ। यसले विविधतायुक्त समाजमा  राजनीतिक स्थिरता कायम गर्दछ र सकरात्मक परिणाम प्रदान गर्दछ। विविधतायुक्त समाजलाई उचित  ब्यबस्थापन गर्नका लागि विविधताका बीच बृहत गठबन्धन निर्माण गर्ने, स्वायत्तताको ब्यबस्था गर्ने, संघात्मक राज्य स्वरुप निर्माण गर्ने र समानुपातिक प्रतिनिधित्वको ब्यबस्था गर्ने जस्ता उपायहरुको अवलम्वन गरिनु आवश्यक हुन्छ। यस्ता उपायहरुले मात्र राज्यको निर्णय निर्माण तथा नीति निर्माण प्रक्रियामा अल्पसंख्यक समुदायलाई समावेस गराउदछ। लिजफार्टको राजनीतिक सिद्धान्तले सहमतिय प्रजातन्त्रको अपरिहार्यतालाई बढी जोड दिन्छ। कार्यपालिका र व्यवस्थापिकामा सबै पक्षको समानुपातिक प्रतिनिधित्वको ब्यबस्थाबाट कन्सोसियसनल प्रजातन्त्र स्थापना गर्न सकिन्छ।

### ३.७ पूर्वसाहित्य समीक्षा

चेम्जोङ (२०३१) किरात राज्य र किरात शासक गरी मुख्य दुई भागमा बर्णन गर्दछन् । उन्को अनुसार आधुनिक नेपाल अधिराज्यको पूर्वी भागलाई किरात देश भनिन्छ । गोर्खा-खम्बू युद्ध हुनुपूर्ब किरात देशको पहाडी क्षेत्रमा थुमैपिच्छे स्वायत्त शासन चलाइ आफ्नो रियासत भोग गरिखानका लागि सेन राजा लोहाङ सेनले थुम थुमका किराती राजाहरुलाई ताँवापत्र लेखिदिएका थिए। गोर्खा-खम्बु युद्ध र एकीकृत नेपाल निर्माणका बारेमा

लेखक उल्लेख गर्दछन्कि किरात प्रदेशका तत्कालीन राजा कर्ण सेनको मातहतमा थुप्रै थुम किरात राजाहरु थिए। ती किराती राजामध्ये वल्लो किरात अन्तरगत धुलिखेलमा किराती छाप भन्ने गाउँमा महेन्द्रसिंह राई राजा र नामसिंह राई मुख्य मन्त्रीका रुपमा रहेर शासन गर्दथे। बि.सं. १८२५ मा गोर्खाका राजा पृथ्वीनारायण शाहको सेनाले रातको समयमा आक्रमण गर्यो र एकै पटकमा जित्न नसकेको कारणले पटक पटक आक्रमण गरी बिजय प्राप्त गर्यो। चेम्जोङद्धारा लिखित उक्त पुस्तक किरात राई समुदायको राजनीतिक ईतिहासका सम्बन्धमा केही सूचना दिने खालको छ। पृथ्वीनारायण शाहको एकीकरणपछि किरात राई समुदायको मुख्य सरोकार के मा निहित छ ? माओवादी जनयुद्धमा उठेका मुद्धाहरुसँग कति मेल खान्छ र बर्तमान अवस्थामा के भैरहेको छ जस्ता प्रश्नहरुको उत्तर निरुपण गर्नका लागि उक्त कृति पूर्ण छैन। न्यौपाने (२००५) का अनुसार किरातहरु अस्ट्रो एशियन जाति समुहभित्र पर्दछन्। उनीहरु आजभन्दा चार पाँच हजार बर्ष अगाडि तिब्बत बर्मेली शाखाका समुहबाट बर्तमान बर्माबाट आसाम हुँदै नेपाल पसेको संकेत पाइन्छ। ई.पू. २३६ तिर लिच्छवीहरुको आक्रमणबाट पराजित भएपछि बनेपापूर्बको भूभागमा किरातहरुको शासन कायम भयो। गोर्खाली राजा पृथ्वीनारायण शाहाले सन् १७७३ मा नेपाल राज्यमा मिलाएर्पछि किराती राज्यहरु पूर्ण रुपले समाप्त भएको थियो। गोरखाली शासनका बिरुद्ध माझकिराँत क्षेत्रमा बि.सं. १८६४ मा अटलसिंह राई, भरतसिंह राई र कण्ठबीर राईहरुले बिद्रोह गरेका थिए तर उनीहरुलाई मृत्युदण्ड दिइएको थियो भने अन्य १५ जनालाई सर्बस्वहरणको सजाय गरिएको थियो। न्यौपानेको मतअनुसार सन् १९५० (बि.सं.२००७) को नेपालको राणाबिरोधी क्रान्तिमा पनि जातिय स्वशासनको लक्ष्य र बिशेषताहरु देखिएका थिए। सन् १९५१ मा गृहमन्त्री बी.पी.कोईरालाको माझकिरात भ्रमणको बर्णनमा उल्लेख गरिएको छ कि, बाहुन क्षेत्रीहरु डराएर लुकिरहेका थिए, भूदेव राई र नारदमुनि थुलुङ्गहरुको नियन्त्रणका मानिसहरु याहाँ हाम्रो अधिकार हुनु पर्दछ, हामीले राज्य चलाउन पाउनु पर्दछ भनिरहेका थिए। हामीहरु स्वराज माग्दछौं भन्ने नारा पनि लगाएका थिए। यी भनाइहरुबाट किरातीहरु स्वशासित राज्यको माग गर्दथे भन्ने देखिन्छ।

बराल (२००६) का अनुसार नेपाल राज्यलाई सहभागिमुलक प्रजातान्त्रिक पद्धतिमा ल्याउन र धार्मिक समुहलाई समावेसी बनाउन राज्य पुनसंरचना गरी धर्मनिरपेक्ष राज्यमा बदल्नु पर्दछ। सहभागिमुलक प्रजातन्त्रका लागि नेपालको संसदको दुई वटा सदनमध्ये माथिल्लो सदनलाई जातिय सदनका रुपमा बिकास गरी अधिकार सम्पन्न बनाईनु आवश्यक हुन्छ। आम नागरिकको सहभागितालाई सुनिस्चित गर्नका लागि जनमत संग्रहको प्रावधान राखिनु पर्ने बिषयलाई लेखकले आफ्नो लेखमा उठाएका छन्। बराल (२०११) आफ्नो लेखमा नेपालको राजनीतिमा माओबादी सशस्त्र जनयुद्ध र त्यसले उठाएको राजनीतिक मुद्धाका सम्बन्धमा चर्चा गर्दछन्। बर्गीय र जातिय रुपमा बिभाजित नेपालका आम जनताहरु लामो समयदेखि राज्यको विभेदपूर्ण नीतिको शिकार हुँदै आएको बिषयलाई लेखकले उजागर गरेका छन्। माओवादीहरुले नेपालको बिभेदपूर्ण सामाजिक, राजनीतिक र आर्थिक समस्याहरुमाथि सम्बोधन गर्न बिभिन्न प्रस्तावहरु अघि सारे। यसका लागि जातिय र क्षेत्रीय स्वायत्ततामा आधारित ९ वटा राज्यहरुको निर्माण गर्ने प्रस्ताव गरेको प्रसंग उल्लेख गरिएको छ। राजनीतिक तथा सामाजिक बहिस्करणमा परेका समुदायहरुको समावेसिकरण र सबै प्रकारका विभेदहरुको उन्मुलन गर्ने उद्घोष नै तत्कालीन माओवादीको मुख्य राजनीतिक कार्यनीति थियो भन्ने तर्क लेखकको रहेको छ।

याक्खा राई (२०५५) किरात राई समुदायको ऐतिहासिक पक्षका सम्बन्धमा तथ्यहरु प्रस्तुत गर्दछन्। ऋगवेदमा किलात, यजुर्वेदमा किरात र अथर्ववेदमा किराती युवतीको बारेमा बर्णन गरिएको छ। वेदहरुमा रहेका उद्धरण जस्ताको त्यस्तै यस प्रकार लेखक प्रस्तुत गर्दछन्ः

कैरातीका कुमारिका सका खनती भेषजम,

हिरण्यमयी भिरभ्रिभि गिरीणामु पसनपु ।

याक्खा राईको अनुसार वेदमा किरातहरुलाई काला पहेंला बर्णका, पुड्का, नेप्टा, बैदिक देवताप्रति उदासीन, यज्ञ हवन नगर्ने, भिन्दै धर्मवाला, अस्पष्ट भाषाभाषी, लिङ्ग पुजक, स्नान र मन्त्रोच्चारण नगरी भात खाने मान्छे आदि भनी उल्लेख गरिएको छ। जेजसरी भए पनि प्राचीन ग्रन्थ वेदमा किरातका बारेमा लेखिनुले यसको प्राचीनता छ भन्ने तर्क लेखक याक्खा राई गर्दछन् । किरातहरु न त चीनबाट आएका हुन् न त मंगोलीयाबाट बसाइ सरी आएका हुन् भन्ने तर्क लेखक गर्दछन् । किरात भन्ने शब्द कुनै जात जातिको अर्थमा प्रयोग गर्नु गलत हुन्छ। बरु त्यो कुनै एक जाति नभइ एउटा सिंगो समुह वा सभ्यताको नाम थियो । हिमालय र त्यसको तराई क्षेत्रमा पंजाबदेखि काश्मीरसम्म वसोवास गर्ने आदिवासी किरात थिए । उनीहरु पूर्बमा आसाम बर्मा हुदै कम्बोडियासम्म फैलदै गए । पहाडका किरातहरुमा मगर, गुरुङ्ग, सुनुवार, तामाङ्ग, नेवार, राई, लिम्बु, याक्खा, लेप्चा (सीक्कीम) आफ्नो भाषा बोल्दछन् । तराईका थारुहरु आफ्नो भाषा भुलेर दक्षीणी छिमेकी भाषा बोल्दछन । जे भए पनि ती सबै किरात हुन् भन्ने मत लेखकले प्रस्तुत गरेका छन् । उक्त पुस्तकले किरातहरुको प्राचीनताका सम्बन्धमा केही सूचना दिन्छ तर किरात राई समुदायको वर्तमान राजनीतिक मुद्धा र माओवादी जनयुद्धका अन्तरसम्बन्धका बारेमा मौन रहेको छ। Muni (2003) आफ्नो पुस्तकमा उल्लेख गर्दछन् कि देशको पश्चिम क्षेत्रमा ब्याप्त सरकारी राजनीतिक अर्थतन्त्रका कारणले सामन्तहरुको बिरुद्धमा कडा समर्थन जुटिरहेको अवस्था थियो । यो क्षेत्र अत्यन्तै गरीबहरु, अबिकसितहरु र जनजातिहरुको वसोवास क्षेत्र हो। त्यस क्षेत्रमा विभेद र शोषण चरम अबस्थामा थियो। म.गु.रा.लि. समुदायको पूर्ण समर्थन माओवादीहरुले प्राप्त गरेका थिए । यसबाहेक दलित समुदायका मानिसहरु र थारुहरु पनि यस आन्दोलनमा ब्यापक सहभागी भए। दलित र जनजातिहरु आफ्नो संस्कृतिको जगेर्ना गर्न चाहान्छन् किनकि उनीहरुको संस्कृतिलाई हिन्दु संस्कृतिले दवाएको छ। तत्कालीन माओवादीहरुले उनीहरुको अधिकारको पक्षमा धेरै जोड दिए र समर्थन जुटाइ परिचालन गरेको सन्दर्भ लेखकद्वारा उल्लेख गरिएको छ।

### ३.८ शोध रिक्तता/अनुसन्धान अन्तराल

किरात के हो ? यसका सम्बन्धमा पूर्वसाहित्यहरुमा उल्लेख गरेको पाईन्छ। माओवादी जनयुद्ध कहिले, किन र कसरी भयो भन्ने प्रश्नमा पनि पूर्वसाहित्यहरु प्राप्त भएका छन् । तर किरात राई समुदायको राजनीतिक, सामाजिक तथा आर्थिक सवालहरु र माओवादी जनयुद्धमा उठेका कुन मुद्धाहरुबीच समरुपता भएर किरात समुदाय माओवादी जनयुद्धमा सहमत भएका थिए भन्ने प्रश्न अनुत्तरित रहेको पाइयो । यसका साथै माओवादी जनयुद्धकालमा उठेका राजनीतिक, आर्थिक र सामाजिक मुद्धाका सम्बन्धमा बर्तमान राजनीतिक अवस्थाको के तादात्म्यता रहेको छ वा छैन जस्ता बिषय पूर्वसाहित्यहरुमा उपलब्ध छैन । यसर्थ खासगरी किरात राई समुदायको माओवादी जनयुद्धसँग के समान स्वार्थ थियो ? बिद्यमान राजनीतिक अवस्थामा उक्त स्वार्थको स्थिति के छ ? यी दुई बिषय मौन रहनु यो लेखको मुख्य शोध रिक्तता हो ।

## ४. बिषय प्रवेस

वि.सं. २०४६ को जनआन्दोलनबाट स्थापना भएको बहुदलीय संसदीय राजनीतिक व्यवस्था अन्तर्गत निर्वाचित सरकारको नेतृत्व नेपाली कांग्रेसका शेरबहादुर देउवाले गरिरहेका थिए। संयुक्त जनमोर्चाको नामबाट निर्वाचनमा

भाग लिएको तत्कालीन ने.क.पा. माओवादीले देउवा सरकार समक्ष राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी विभिन्न मागहरू पेश गर्यो। तत्कालीन सरकार र मोर्चाका बीच पर्याप्त मात्रामा वार्ता र संवाद हुन नसक्नु वा अन्य कुनै कारणले माओवादीको मागहरूमाथि उचित सम्बोधन र सहमती हुन सकेन। त्यहीँ पृष्ठभूमिमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले वि.सं. २०५२ माघ २१ गते जनगणतन्त्रको स्थापना एवम् संविधानसभाको निर्वाचन लगायत ४० सुत्रीय माग तत्कालीन श्री ५ को सरकार समक्ष पेश गर्‍यो। तर सरकार र माओवादी पार्टीबीच सुमधुर सम्वाद र छलफलका माध्यमबाट निष्कर्षमा पुग्न नसक्नुको परिणामस्वरूप अन्ततः सशस्त्र जनयुद्धको प्रारम्भ भयो। नेपालमा माओवादी सशस्त्र जनयुद्धको सुरुआत हुनुको मुख्य कारण भनेको माओवादीको मागउपर उचित सम्बोधन नहुनु, बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुक्षेत्रीय र बहुसाँस्कृतिक विशेषतायुक्त देशमा समावेसिताको आभाष नहुनु तर नागरिकहरूको तहबाट सामाजिक पहिचान तथा भाषिक अस्तित्वको खोजी हुनु थियो (तिवारी,२०६८,पृ.२७७)। यथार्थमा नेपाली समाजमा बिद्यमान बिभिन्न प्रकारका अन्तरबिरोधहरुलाई एकीकृत गरेर त्यसको जगमा माओवादी सशस्त्र जनयुद्धको शुरुआत भएको थियो। नेपाली समाजमा विद्यमान धार्मिक, साँस्कृतिक, भाषिक, लैंङ्गिक, जातीय तथा क्षेत्रीय विभेद र दमनका विरुद्ध उठेको सामाजिक चेतना र विद्रोह नै अन्त्यमा माओवादी सशस्त्र विद्रोहका रूपमा प्रकट भएको हो (लावोती र पहरी,२०१०,पृ.७)। आर्थिक रूपमा गरिब हुनु, सामाजिक साँस्कृतिक रूपमा विभेद गरिनु, राज्यका सबै अङ्गहरूमा सबै वर्ग, जाति, धर्म र क्षेत्रबाट प्रतिनिधित्व नगराईनुबाट उठिरहेको विद्रोहको भावनालाई ने.क.पा.माओवादीले अझ बढी प्रकाशमा ल्याइदिएको थियो। तत्कालीन ने.क.पा.माओवादीले उठाएका मागहरूमाथि राज्यबाट उचित सम्बोधन नहुनुको कारणले कुनै न कुनै प्रकारको बिद्रोहको अपरिहार्य बन्दै गएको सन्दर्भमा वि.सं.२०५२ फाल्गुन १ गतेबाट नेपालमा जनयुद्ध सुरु भएको थियो (श्रेष्ठ,२०७२,पृ.१०)। उक्त जनयुद्धको जगमा नेपाल देशको आधारभुत संरचनामा परिबर्तन आएको हो।

## ४.१ किरात राई समुदाय

किरात, राई र खम्बू नेपालको पूर्वी पहाडी भेगमा वसोवास गर्दै आएका एक मानव समुदाय हो। उनीहरुको सघन वसोवास भएको भूक्षेत्रलाई माझकिरात पनि भन्ने गरेको पाईन्छ। किरात, राई र खम्बूका सम्बन्धमा बिभिन्न बिद्वानहरुले आ-आफ्ना भिन्न र समान मतहरु जाहेर गरेका छन्। नेपालको पूर्वी पहाडी जिल्ला भोजपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, धनकुटा, संखुवासभा र ईलाम किरात राईहरुको मुल थलो हुनुको कारणले त्यो क्षेत्र उनीहरुको सघन वसोवास भएको आदिम क्षेत्र हो (पाण्डेय,२०६४,पृ.९५)। त्यस भूभागमा किरात राईहरु अन्य जातिहरुको आगमन भन्दा अगाडिदेखि नै वसोवास गर्ने समुदाय भएको कारणले उनीहरु त्याहाँका आदिवासी थिए। नेपाल हिमालयदेखि दक्षिण-पूर्बको क्षेत्र र भारतको समतल भूमिमा आर्यहरु प्रवेस गर्नु भन्दा अगाडिदेखि नै किरातीहरु याहाँ वसोवास गरिराखेका थिए भन्ने अर्थमा किरातीहरु नेपालका प्राचीन जातिमा गणना हुन्छ भन्ने मान्नु पर्दछ (श्रेष्ठ,२०४२,पृ.२५)। बाबुराम आचार्यको मतअनुसार हिमालय पर्वतमालाका दक्षिणी पाखामा रहेका पहाडी भूभागहरुमा मानव जातिको एउटा बिशिष्ट जनसमुदायका पातला आवादीहरु यत्रतत्र फैलिएर रहेको झलक पाइन्छ, जसमा आदिम मुल जातिको रुपमा रहेको जातिलाई पछि ईतिहास कालमा आएका नवआगन्तुक आर्यवर्तीय आर्यहरुले किरात भन्ने नाम दिएको पाइन्छ। अहिलेका भाषा बैज्ञानिहरुले यस जातिलाई अस्ट्रोएशियन वा आग्नेयदेशी भन्ने नाम दिने गरेको पाईन्छ र यही जाति नै यस क्षेत्रको आदिम मूलवासी देखिन आएको छ (आचार्य,२०६३,पृ.२)।

किरातहरु त्यस भेगका पुराना वासिन्दा हुन् भनी आचार्यले टिप्पणी गर्नुबाट उनीहरु त्यस भूभागका आदिवासी पनि हुन् भन्ने बुझ्न सकिन्छ । किरातका सम्बन्धमा बिभिन्न बिद्वानहरुको कतिपय समान र कतिपय भिन्न मतहरु रहेको पाइन्छ । कतिपय बिद्वानको तर्कमा किरात कुनै एक जाति बिशेषसँग मात्र सम्बन्ध राख्ने शब्दावली होइन बरु यो त बिशाल भूखण्डको नाम हो र उक्त भूखण्डमा वसोवास गर्ने सबै मानव समुदाय किरात हो । किरात हिमवत खण्ड अन्तर्गत पूर्बमा ब्रम्हपुत्र नदी, पश्चिममा हिन्दुकुश, उत्तरमा मानसरोवर क्षेत्र र दक्षिणमा गङ्गा नदीसम्म फैलिएको भौगोलिक क्षेत्र हो । उक्त क्षेत्रमा वसोवास गर्ने वासिन्दा समुहगत रुपमा किरात हुन् । किरात कुनै एक जातिसँग मात्र सम्बन्धित नहुनुको कारणले यो एउटा सभ्यता हो र समुहवाचक नाम हो (बोम्बिएमे,२०६५,पृ.१०) । किरात भन्ने शब्द कुनै जाति मात्र नभइ एउटा सिंगो समुह वा सभ्यताको नामको अलावा हिमालय र त्यसको तराई क्षेत्रमा पंजाबदेखि काश्मिरसम्म वसोवास गर्ने आदिवासी किरात थिए जो पूर्बमा आसाम, बर्मा हुदै कम्बोडियासम्म फैलिएर रहेका छन् (याक्खा,२०५५,पृ.१४) । समुदायगत रुपमा राई, लिम्बु, खम्बु, सुनुवार र याक्खा भनिएकाहरु सबै किरात हुन् । कालान्तरमा यसभित्र आएको विविधताबाट केही उपसमुहहरुको निर्माण भएको हो । ती उपसमुहका रुपमा रहेका राई, खम्बू, लिम्वु, सुनुवार र याक्खा सबै किरात हुन् (राई,२०६६त,पृ.३) । प्राचीन ग्रन्थहरुमा किरातका बारेमा उल्लेख हुनुले किरात प्राचीन भौगोलिक क्षेत्र वा जाति समुह थियो भन्ने तर्कलाई बलियो बनाउदछ । ऋगवेदमा किलात भन्ने शब्द उल्लेख हुनु, यजुर्वेदमा किरात भन्ने शब्द उल्लेख हुनु र अथर्ववेदमा किराती युवतीको बर्णन हुनुले किरातहरुको प्राचीनता प्रष्ट पार्दछ । शास्त्रहरुमध्येको प्राचीनशास्त्र ऋगवेदमा किलात शब्दले सम्बोधन गरिनुबाट स्पष्ट हुन्छ कि किरात ई.पू. चार हजार बर्षअघिदेखि अस्तित्वमा थियो किनकि ऋगवेदको रचना चार हजार बर्ष ई.पू. भएको मानिन्छ (थुलुङ,२०४२,पृ.४) । प्रस्तुत सन्दर्भहरुबाट के स्पष्ट हुन आउदछ भने किरात भन्ने शब्दावली प्राचीन कालदेखि प्रयोग हुँदै आएको हो । यसर्थ किरात एउटा भूभागको नाम थियो र त्याहाँ बस्ने मानिसहरु किराती थिए ।

किरात भूमिमा वसोवास गर्ने बिभिन्न पाछा र भाषिकामा बिभक्त भएका तर एउटै धर्म, संस्कृति र ईतिहास बोकेका पूर्बी नेपालको पहाडी भेगका खास मानव समुदायलाई राई भनेर पनि चिनिन्छ । “दस थर, दस भाषा, एउटै चुल्हो” भन्ने किरात राई समाजको परम्परागत कहावत हो र वास्तविकता पनि । विश्व समुदायमा किरात राई जाति भनेर चिनिएका २८ भन्दा बढी भाषाका धनी जाति पनि यही राईहरु हुन् भन्ने देखिन्छ । आज किरात अन्तर्गत राई, लिम्बू, याक्खा र सुनुवार पर्दछ भन्ने मान्यता पनि बलियो छ । यसका साथै किरातहरु खम्बू पनि हो र राई पनि हो भनी किरात राईहरुको आधिकारिक मुखपत्र निप्सुङमा उल्लेख गरिएको छ (निप्सुङ,२०६२,पृ.सम्पादकीय) । आज किरात, खम्बु वा राई जुनसुकै नामबाट परिचित भए तापनि उनीहरुमा सांस्कृतिक र धार्मिक एकरुपता पाईन्छ । यसबाट बुझ्न सकिन्छ कि किरात र राईहरुमा भिन्नता छैन बरु दुई वटा संज्ञा पाएका एउटै मानव समुदाय हो, जसको जनसंख्या नेपालमा ०२.२ प्रतिसत अर्थात ६,४०,६७४ रहेको छ (National population and housing census, 2021, p.10) ।

### ४.२ माओवादी पार्टीको तत्कालीन मुख्य मुद्दा

तत्कालीन ने.क.पा. माओवादीले उठाएको ४० बुँदे मागपत्रको उचित सम्बोधन तत्कालीन श्री ५ को सरकारबाट हुन नसक्दा शुरु भएको संघर्षले दस बर्षे जनयुद्धको रुप लिएको थियो । प्रस्तुत ४० बुँदे मागपत्रको विश्लेषणबाट तत्कालीन ने.क.पा. माओवादी राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनका लागि एक क्रान्तिकारी शक्ति थियो भन्ने पुष्टि हुन्छ । ने.क.पा. माओवादीले उठाएका तत्कालीन ४० बुँदे मागपत्रमा राजनीतिक प्रणालीभित्र

शासकीय स्वरुप परिवर्तनको मुद्दा एक मुख्य मुद्धाका रुपमा रहेको छ। राजतन्त्र अन्त्य गरेर गणतन्त्र स्थापना गर्ने राजनीतिक मुद्धा आमुल राजनीतिक परिवर्तनसँग सम्बन्धित थियो। राजाको निगाहबाट संविधान बन्ने प्रचलनलाई चुनौति दिंदै संविधानसभा मार्फत् नयाँ संविधान निर्माण गरिनुपर्ने माग स्वभावैले क्रान्तिकारी माग थियो। जातीय स्वशासन, भाषिक तथा साँस्कृतिक संरक्षण, क्रान्तिकारी भूमि-सुधार, जनजीविका, समावेसी प्रजातान्त्रिक प्रणाली र राष्ट्रियता बिशेष अर्थ राख्ने मुद्धाहरु उठाउनुले सिंगो आदिवासी जनजाति समुदायको समर्थन जनयुद्धप्रति रहेको हो। जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका निमित्त चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनु पर्ने, राजा र राजपरिवारको सबै विशेषाधिकार अन्त्य गरिनु पर्ने, नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरिनु पर्ने, सबैखाले जातीय शोषण र उत्पीडनको अन्त्य गर्न जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनु पर्ने जस्ता राजनीतिक माग र मुद्धाहरु समयसापेक्ष थियो (नेपालका माओवादीहरु, एन.डी)।

## ५. माओवादी जनयुद्धमा किरात राई समुदायको सम्लग्नता

### ५.१ माओवादीले उठाएको पहिचानको मुद्धामा एक्यबद्धताः

ने.क.पा.माओवादीले शुरु गरेको सशस्त्र जनयुद्धमा संलग्न आम बिद्रोही समुहमा नेपालका आदिवासी जनजाति समुदायको सम्लग्नता उल्लेख्य थियो। राज्यबाट गरिएका राजनीतिक, सामाजिक र आर्थिक विभेदको अन्त्य गर्ने माओवादीहरूको मुख्य नारा आदिवासी जनजातिहरूले जनयुद्धमा एक्यबद्धता जनाउनुको मुख्य कारण रहेको देखिन्छ। दश वर्षसम्म चलेको माओवादी सशस्त्र जनयुद्धमा सेतामगुरालिको उल्लेख्य सहभागिता रह्यो। सेतामगुरालिको अर्थ सेर्पा, तामाङ, मगर, गुरुङ, राई र लिम्बू भन्ने बुझिन्छ। माओवादी जनयुद्धको तत्कालीन नेतृत्वले उनीहरूको हक-अधिकार स्थापित गर्ने र सिंगो आदिवासी जनजातिमाथि रहेको विभेद अन्त्य गर्ने नीति सार्वजनिक गरेपछि नेपालका आदिवासी जनजातिहरू माओवादी जनयुद्धप्रति बढी आकर्षित भएको हो (Muni,2003,p.12-15)। नेपालका आदिवासी जनजातिहरूको बुझाइ निरङ्कुश राजतन्त्र र परम्परागत संसदीय एकात्मक राज्य प्रणालीको अन्त्य गरी संघात्मक, धर्मनिरपेक्ष, समावेसी, गणतन्त्रात्मक राज्यको नयाँ संरचनाबाट जनाधिकार प्राप्त हुन सक्दछ भन्ने थियो। यही बुझाइ र अनुभवबाट ने.क.पा. माओवादीले गरेको सशस्त्र जनयुद्धमा नेपालका आदिवासी जनजातिहरू र किरात राई समुदायको ठूलो संख्या सामेल भएका थिए। माओवादीले उठाएका राजनीतिक, सामाजिक तथा आर्थिक मुद्धामा सहमत किरात राई समुदायका हजारौं व्यक्तिहरू माओवादी जनयुद्धमा सामेल भए र सयौंले आफ्नो ज्यानको वलिदानी गरे।

नेपालमा माओवादी जनयुद्ध चल्दै गर्दा २०५४ सालबाट पार्टीभित्र विभिन्न जातीय तथा क्षेत्रीय मोर्चाहरू निर्माणको क्रमलाई तीब्रता दिइएको थियो। दलित, जनजाति, सीमान्तकृत र तराईका मधेसी समुदायमा रहेको भेदभाव र बञ्चितीकरणको पीडालाई जनयुद्धका पक्षधरहरूले चरम उपयोग गरेका थिए। सामाजिक क्षेत्रमा रहेको जातीय असन्तोष र आकांक्षालाई आफ्नो पक्षमा परिचालन गर्न उनीहरूले जातीय र क्षेत्रीय आधारमा विभिन्न जनवर्गीय सङ्गठनहरू गठन गरी आत्मानिर्णयको अधिकार सुनिश्चित गर्ने घोषणा गरे। त्यही घोषणाको कारणले आदिवासी जनजाति र किरात राई समुदायका अधिकांश व्यक्तिहरु माओवादी जनयुद्धमा सामेल हुन उत्प्रेरित भएका हुन् (तिवारी,२०६८,पृ.१८६)। नेपालको राज्यसत्ताले धैरै लामो समयदेखि नेपाली समाजमा गर्दै आएको दमन, उत्पीडन, विभेद र असमान व्यवहार माओवादी जनयुद्ध सम्पन्न हुनुको मुख्य आधार थियो।

माओवादीहरूले नेपालको आर्थिक तथा सामाजिक असमानताको अन्त्यका लागि जातीय, साँस्कृतिक तथा भाषिक आधारमा नेपाललाई ९ प्रदेशमा विभाजन गरी संघात्मक राज्यको नयाँ स्वरूप निर्माण गर्ने प्रस्ताव समेत सार्वजनिक गरेको थियो। बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधतालाई सम्बोधन गर्ने र उनीहरुको स्वशासनलाई प्रबर्द्धन गर्ने दृष्टिबाट ल्याइएको माओवादीको उक्त राज्य पुनसंरचनाको प्रस्ताव समावेसी प्रजातन्त्रका लागि एउटा नयाँ र महत्वपूर्ण जागरण थियो। यसकारण समावेसी प्रजातन्त्रका पक्षधर किरात राई समुदायको यसप्रति एक्यबद्धता र समर्थन रहनु स्वभाविक थियो।

### ५.२ माओवादीले उठाएको राज्य पुनसंरचनाको मुद्धामा अपनत्वभाव

किरात, ताम्सालिङ, नेवा, तमुवान, मगरात, थरुवान, मधेसी, भेरी-कर्णाली र सेती-महाकाली प्रदेश सहित राज्य पुनर्संरचना गर्ने मुद्दा नेपालका आदिवासी जनजाति र किरात राई समुदायको पुरानो राजनीतिक मुद्दा हो (बराल,२०११,पृ.१९५-१९६)। आदिवासी जनजातिको उक्त पुरानो राजनीतिक मुद्दा माओवादीले उठाउनु किरात राई समुदायका मानिसहरू जनयुद्धमा सामेल हुनुको थप कारण बनेको थियो। खासगरी मुख्य दुई कारणबले किरात राई समुदाय माओवादी सशस्त्र जनयुद्धप्रति अपनत्वभाव महशुस गर्दथे। पहिलो, शोषण दमन उत्पीडनको केन्द्र मानिएको राजतन्त्रको उन्मूलन गर्नु र दोस्रो, नेपाली समाजको जातीय, साँस्कृतिक, भाषिक, धार्मिक र राजनीतिक क्षेत्रमा रहेको असमानता एवम् विभेदहरूको अन्त्य गर्नु। माओवादी पार्टीले जनयुद्ध कालमा जातीय पहिचानलाई उच्च प्राथमिकतामा राख्यो। वि.सं. २०४६ देखि घनिभूत रूपमा नेपालका जनजातिगत राजनीतिक पार्टीहरूले उठाउँदै आएको पहिचानमा आधारित संघात्मक राज्य प्रणालीको विषयसँग मिल्ने गरी ने.क.पा. माओवादीले पहिचानका आधारमा स्वायत्त राज्यहरूको स्थापना गर्ने घोषणा गरेपछि आदिवासी जनजाति, दलित र किरात राई समुदाय माओवादी जनयुद्धको अग्रपंक्तिमा उभिएका मात्र थिएनन् बरु उक्त मुद्धामाथि अपनत्वको महशुस समेत गरेका थिए (खनाल,२०११,पृ.१६४-१६५)। राजनीतिक, सामाजिक र आर्थिक मुद्धामाथि समान धारणा रहेपछि आन्दोलनमा सहयात्रा गर्ने विषय स्वाभाविक र तत्कालीन आवश्यकता महशुस भएको थियो।

नेपालमा निर्दलीय पञ्चायत राजनीतिक व्यवस्था भएको समयमा राज्यको एकात्मक स्वरुपलाई बदलेर संघात्मक स्वरुप बनाउने प्रस्ताव आदिवासी जनजातिहरुले गरेका थिए। निर्दलीय पञ्चायत कालभरी नेपालका आदिवासी जनजातिहरुले बिभिन्न संगठनको माध्यमबाट आफ्नो भाषा संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागि बिभिन्न रुपमा आवाजहरु उठाउदै आए। फरक राजनीतिक आस्था राखेको आधारमा पञ्चायत व्यवस्थाका शासकहरुले उनीहरुको आवाजलाई दबाएर राखे। दवाइएका उक्त आवज बि.सं. २०४६ को जनआन्दोलनको सफलतापछि भाषिक, सांस्कृतिक, धार्मिक आन्दोलनको रुपमा देखा पर्यो (हफटन, रेपर र ह्वेल्पटन,१९९९,पृ.३१२)। यसबाट यो प्रष्ट हुन आउदछ कि, एकात्मक राज्य स्वरुप अन्त्य गरेर संघात्मक राज्य स्वरुप निर्माण गर्ने आदिवासी जनजातिहरुको पुरानो राजनीतिक मुद्धा थियो। पञ्चायती निरंकुश शासन कालमा नेपाल जनजाति पार्टीले अवधी, भोजपुरी, जडान, खम्बुवान, खसान, कोचिला, लिम्बुवान, मगरात, मिथिला, नेपाल, ताम्सालिङ, तमुवान गरी १२ वटा जातिय र भाषिक आधारमा संघीय संरचनाको प्रस्ताव गरेको थियो। त्यसैको निरन्तरताका रुपमा बि.सं २०४६ पछि राष्ट्रिय जनमुक्ति पार्टी (एम.एस) तथा जनमुक्ति मोर्चा नेपाल (थिङ) ले प्रशासनिक क्षेत्रमा आधारित संघीयताको माग राखेको थियो (थापामगर,२०६७,पृ.३५)। यी बिषयसँग मिल्ने मुद्धाहरु माओवादी पार्टीबाट उठाइनुले नेपालका आदिवासी जनजाति र किरात राई समुदायले उक्त मुद्धामाथि अपनत्वभाव महशुस गरी माओवादी जनयुद्धमा सहभागी भएका थिए।

### ५.३ खम्बुवान राष्ट्रिय मोर्चा र माओवादीबीच एकता

खम्बुवान राष्ट्रिय मोर्चा गोपाल खम्बुको अध्यक्षतामा खम्बुवान स्वायत्त प्रदेश निर्माण गर्ने मुल राजनीतिक मुद्धा लिएर बि.सं.२०४९ भदौ ५ गते गठन भएको पहिचानवादी राजनीतिक दलको नाम हो (राई,२०८१,पृ.१५०) । मार्क्सवाद-लेनिनवाद-माओवादलाई खम्बुवान राष्ट्रिय मोर्चाले आफ्नो मार्गदर्शक सिद्धान्त मानेको थियो। शान्तिपूर्ण र सशस्त्र दुवै प्रकृतिको बिद्रोह गरेको मोर्चाले आफ्नो मार्गदर्शक सिद्धान्तको आधारमा खम्बुवानको राजनीतिक मुद्धालाई राष्ट्रिय मुक्ति आन्दोलनका रुपमा उठाउने र त्यसका लागि मित्रशक्तिको पहिचान गरी मोर्चाबन्दी गर्ने कार्यनीति लिएको थियो। यही क्रममा बि.सं.२०५६ साल असोज २७ गते सम्पन्न नवौं केन्द्रिय बैठकले संगठन बिस्तार, क्रान्तिकारी संयुक्त मोर्चामा जोड, खम्बूवानमा क्रियाशील सबै राजनीतिक शक्तिहरुको संयुक्त आन्दोलन उठाउन पहल गर्ने निर्णय गरेको थियो। यही समयमा ने.क.पा.(माओबादी) ले पनि संयुक्त मोर्चा निर्माण गरी जनयुद्ध लड्ने नीति सार्बजनिक गर्यो। कार्यनीतिक सवालमा खम्बुवान मोर्चा र ने.क.पा.(माओबादी) का बीच एकरुपता देखा पर्नुको परिणाम स्वरुप संयुक्त मोर्चा गठनका लागि वार्ता शुरु भएको थियो। समय क्रममा ने.क.पा.माओवादीले ख.रा.मो.को किरात स्वायत्त राज्यको राजनीतिक मुद्धामा समर्थन जनाउने भएपछि एकताको प्रक्रिया अघि बढेको हो। कार्यगत एकताको सन्दर्भमा वार्ता र छलफलको क्रममा बि.सं. २०५८ सालमा रोल्पामा सम्पन्न एक भेलाबाट तत्कालीन ख.रा.मो. र लि.रा.मो.लाई एकीकृत गरी माओवादी पार्टी सम्बद्ध किरात राष्ट्रिय मुक्ति मोर्चामा परिणत गर्ने बिषयमा सहमति भएको र यसको परिणाम स्वरुप कार्यगत एकता नभइ सांगठानिक स्वरुपमा नै परिबर्तन गरी किरात राष्ट्रिय मुक्ति मोर्चाको गठन भएको थियो। नव गठित संगठनको अध्यक्ष भक्तराज कन्दङ्वा र महासचिव गोपाल खम्बु चुनिएका थिए (किराती,२०७४)। यसरी खम्बुवान राष्ट्रिय मोर्चा र लिम्बुवान राष्ट्रिय मोर्चाको सम्मिलनबाट ने.क.पा. माओवादी पार्टीको नयाँ संगठन निर्माण भएको थियो। यस प्रकार एकता सम्पन्न हुनुको मुख्य तात्पर्य पहिचानमा आधारित स्वायत्त राज्यहरुको निर्माण गर्ने मुख्य राजनीतिक मुद्धामा सहमति हुनु थियो।

## ६. माओवादी जनयुद्ध र शान्ति प्रक्रियाबाट प्राप्त उपलब्धि

### ६.१ पहिचानको मुद्धामा ब्यापक बहस

माओवादी सशस्त्र आन्दोलनको अन्तिम परिणामस्वरुप नेपालमा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समावेसिता स्थापित भएको छ। राजनीतक दृष्टिले पहिचान, आत्मानिर्णय, समावेसिता, गणतन्त्र र धर्मनिरपेक्षताको मुद्दा नेपालका आदिवासी जनजाति र किरात राई समुदायका लागि उच्च प्राथमिकताको विषय थियो। तर नेपालका आदिवासी जनजाति र किरात राई समुदायले माग र समर्थन गरेको आत्मानिर्णयको अधिकार सहित पहिचानमा आधारित स्वायत्त राज्यहरूको स्थापना हुन सकेन। स्वायत्त राज्य निर्माणको उद्देश्य पुरा गर्न तत्कालीन पहिचानवादी खम्बुवान राष्ट्रिय मोर्चा र ने.क.पा. माओवादी पार्टीबीच सम्मिलन सम्पन्न भयो। सशस्त्र जनयुद्धको क्रममा किरात राई समुदायका सयौं ब्यक्तिहरुले सहादत प्राप्त गरे। किरात राई समुदायको मुख्य राजनीतिक मुद्धा पूर्ण रुपमा सम्बोधन हुन सकेन यद्यपि यो बिषय बहसको चरम उत्कर्षसम्म भने पुगेको छ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा गरिएको दश बर्षे सशस्त्र आन्दोलनमा किरात राई समुदायको संलग्नता हुनुको एक उत्प्रेरक बिषय पहिचानमा आधारित स्वायत्त राज्य स्थापनाको मुद्धा थियो। माओवादी जनमुक्तिसेनामा आबद्ध लडाकु मात्र नभएर शीर्ष नेतृत्वमा रहेका किरात राई समुदायका नेतृत्व समेत माओवादी जनयुद्ध भनेको वर्गीय संघर्ष मात्र

होइन, बरु जातीय मुक्तिआन्दोलन पनि हो भन्ने बुझाइबाट प्रेरित थिए। किरात राई समुदायबाट उठेको खम्बूवान राष्ट्रिय मोर्चा माओवादी जनयुद्धमा समाहित हुनुको पछाडि यही मुख्य कारण थियो।

माओवादी जनयुद्धकालभरी जातीय स्वशासनको मुद्दाले अधिक प्राथमिकता पाएको भए तापनि जब शान्ति प्रक्रिया मार्फत सम्झौताको दिशामा आन्दोलन मोडिन थाल्यो उक्त मुद्धाले क्रमश कम प्राथमिकता पाउन थाल्यो। प्राथमिकता मात्र कम पाएको होइन बरु उक्त विषय नै छोड्दै गएको र अन्त्यमा बिना पहिचानमा आधारित प्रदेश निर्माण गरिएको अवस्था बिद्यमान छ। माओवादी सशस्त्र जनयुद्धकालभरी अत्यधिक महत्व पाएको उक्त मुद्धा क्रमश किन समाप्त भएको हो ? यो प्रश्न किरात राई समुदाय र आदिवासी जनजाति समुदायले उठाइरहेका छन्। नेतृत्वमा रहेका माओवादी नेताहरुमा आएको अस्पष्ट बिचार आफैमा बिरोधाभाषपूर्ण छ। तत्कालीन माओवादी पार्टीका नेता मोहन वैद्य किरणको विचारमा बहुलवाद भनेको द्वन्द्वात्मक भौतिकवादको विपरीत कुरा हो। तसर्थ यसलाई संविधानमा उल्लेख गरिनु हुँदैन र ने.क.पा माओवादी पार्टीको धारणा पनि यही हो (कार्की,२०१२,पृ.११०)। माओवादी सशस्त्र जनयुद्ध शान्ति सम्झौतामा गएर टुङ्गिएपछि किरात राई समुदायले उठाउँदै आएको पहिचानमा आधारित किरात स्वायत्त राज्य स्थापनाको मुद्धा उपलब्धिबिहिन अवस्थामा पुगेर अडिएको छ। कोशी प्रदेशमा पहिचानवादी संघर्ष समिति अहिले पनि पहिचानका निम्ति आन्दोलित छ र पहिचानका निम्ति सहादत्त भैरहेका छन्। तर यसप्रति नेकपा माओवादी पार्टीको धारणा स्पष्ट छैन। कहिले आन्दोलनको पक्षमा त कहिले बिरुद्धमा बिज्ञप्ति मार्फत आफ्नो धारणा सार्बजनिक गर्दछ। पार्टीको यो ढुलमुले चरित्रबाट किरात राई समुदाय त्रसित अवस्थामा रहेको छ। यद्यपि, पहिचानको बिषयलाई बहसको यो उच्चतम अवस्थासम्म पुर्याउने जस नेकपा माओवादी पार्टीलाई अवश्य जानेछ।

### ६.२ पहिचानको मुद्धा र बर्तमान अवस्था

जनयुद्धकालभरी उचाइमा रहेको पहिचान, आत्मानिर्णय र समावेसिताका मुद्धाले आम आदिवासी जनजाति र किरात राई समुदायलाई जनयुद्धप्रति अत्यधिक आकर्षण गरेको हो। शान्तिप्रक्रियामा पार्टी प्रबेस गरेर अनेक मोडहरु पार गर्दै आउदा समेत पहिचानमा आधारित राज्य पुनसंरचना गर्ने बिषय बहसमा ल्याएको हो। अन्तिम परिणाम दिने समयमा यो मुद्धा बिचलित हुनुलाई आम आदिवासी जनजाति र किरात राई समुदायले जिम्मेवार राजनीतिक दलहरु र खासगरी माओवादी पार्टीको उदासिनताका रुपमा लिएका छन्। ने.क.पा.माओवादी पार्टीभित्र पहिचानको मुद्धामा ढुलमुलेपन देखिनु बिचलनको एउटा नमुना मान्नु पर्ने हुन्छ। पहिचानको मुद्धामा जनदवावको अवस्था वा अन्य अदृष्य दवावबाट प्रभावित भएर धारणा बदल्ने अस्थिर चरित्र माओवादी पार्टीले सार्बजनिक गरेको आधिकारिक धारणाबाट स्पष्ट हुन आएको छ (बिज्ञप्ति, २०७९)। यो चरित्रबाट आम पहिचानवादीहरुले माओवादी पार्टीलाई बुझ्ने र हेर्ने दृष्टिमा बदलाव आउने सम्भावना देखिन्छ। तर यसको अर्थ यो होइन कि, पहिचानमा आधारित स्वायत्त प्रदेश निर्माणको मुद्धा सदाका लागि सकियो। प्रकारान्तरमा पहिचानमा आधारित स्वायत्त प्रदेश निर्माण गर्ने आन्दोलन जारी रहेको दृष्टान्त कोशी प्रदेशमा भैरहेको आन्दोलनलाई मान्न सकिन्छ। देशमा बिद्यमान सबै शक्तिबीच मतैक्यता नभएसम्म उक्त मुद्धामाथि उचित सम्बोधन हुन कठिन भए तापनि नेकपा माओवादी पार्टीको ढुलमुले नीति पहिचानवादी समुदाय र किरात राई समुदायका लागि दुर्भाग्यपूर्ण छ। यस अर्थमा दुर्भाग्यपूर्ण छ कि, पहिचानको मुद्धालाई जनयुद्धकालमा जन्माउने अनि जोडले उठाउने पार्टी नेकपा माओवादी अहिले आफै अस्पष्ट र ढुलमुल हुनुले यो आन्दोलन कम्जोर भएको छ।

## ७. उपलब्धि

पहिलो, माओवादी जनयुद्धमा उठेका राजनीतिक, सामाजिक र आर्थिक मुल मद्धाहरु के थिए भन्ने प्रश्नको सम्बन्धमा यस लेख मार्फत बहस गरिएको छ। दोश्रो, किरात राई समुदायले संस्थागत र समुहगत रुपमा उठाउदै आएका जातिय पहिचानमा आधारित किरात स्वायत्त प्रदेश स्थापनाको मुद्धामा माओवादी र खम्बुवान राष्ट्रिय मोर्चाबीच भएको साझा सहमतिका आधारमा तत्कालिन खम्बुवान राष्ट्रिय मोर्चा र माओवादी पार्टीबीच भएको तत्कालिन एकता शक्ति निर्माणका हिसाबले र राजनीतिक लक्ष्य प्राप्तिका हिसाबले निकै महत्व राख्ने गौरबपूर्ण परिघटना थियो। तर पहिचानमा आधारित राजनीतिक मुद्धालाइ निरन्तरता दिने र स्वायत्त राज्य स्थापना गर्ने मुल राजनीतिक मुद्धामा बर्तमान माओवादी पार्टी अस्पष्ट देखिनुले किरात राई समुदायको उक्त पार्टीप्रतिको आस्था र भरोशामा स्खलन ल्याइदिएको देखिन्छ। यसप्रति माओवादी पार्टी गम्भीर हुन जरुरी छ।

## ८. निष्कर्श

दस बर्षे माओवादी सशस्त्र जनयुद्ध एउटा युगान्तकारी परिबर्तनको द्योतक थियो। यसले उठाएका राजनीतिक, सामाजिक र आर्थिक मुद्धाहरु आफैमा परिबर्तनका ज्वलन्त बिषय थिए। समाजमा बिद्यमान जातिय, धार्मिक, सांस्कृतिक, भाषिक र अन्य सबै प्रकारका विभेदबाट मुक्त समतामुलक समाज निर्माण गर्ने मुल मुद्धा नेपालका आदिवासी जनजाति र किरात राई समुदायको पुरानो मुद्धा थियो। यही मुद्धा नेकपा माओवादी जनयुद्धमा उठ्नु नेपालका आदिवासी जनजाति र किरात राई समुदाय जनयुद्धमा सामेल हुनुको मुख्य कारण थियो। जनयुद्धको अन्तिम परिणामस्वरुप गणतन्त्र, संघीयता, समाबेसिता र धर्मनिरपेक्षताले संस्थागत रुप धारण गरेको छ। यद्यपि, नेपालका किरात राई समुदाय र आदिवासी जनजातिहरुको मुल राजनीतिक मर्म पहिचानमा आधारित स्वायत्त प्रदेशको निर्माण गर्ने मुद्धा भने पुरा हुन सकेको छैन र अहिले उक्त मुद्धा पूर्ण रुपमा ओझेलमा पर्नुबाट तत्कालीन नेपालका आदिवासी जनजाति र किरात राई समुदाय वा त निराश छन् वा आक्रोसित छन्। सुस्त गतिमा कोशी प्रदेशमा जारी पहिचानवादीहरुको आन्दोलनलाई भुसको आगो बन्नबाट रोक्नु प्रमुख राजनीतिक दलहरुको बुद्धिमानी हुन सक्दछ। खासगरी नेकपा माओवादी, जसले जनयुद्धकालभरी पहिचान र आत्मानिर्णयको मुद्धालाई चर्को रुपमा उठायो, अहिले गुमनाम हुन वा अस्पष्ट हुन कतिको स्वभाविक ह्रुन्छ ? यो प्रश्न उठेको छ। जनयुद्धकालमा उठाईएका पहिचानका राजनीतिक मुद्धालाई आफ्नो राजनीतिक बिरासतका रुपमा पुन आत्मासात गर्नुले माओवादी पार्टीप्रतिको आदिवासी जनजाति र किरात राई समुदायको आस्था र भरोशा पुनजागृत हुन सक्दछ।

## सन्दर्भ सामग्री सूची


किराती, गोपाल, (२०७४), नेपालको प्रजातान्त्रिक आन्दोलनमा किरात राई समुदायको भूमिका बिषयमा गरिएको अन्तरवार्ता, २०७४/४/२३।

चेम्जोङ, ईमानसिंह (२०३१), किरातकालीन बिजयपुरको संक्षिप्त ईतिहास, नेपाली साहित्य परिषद।

डाहल, ए. रबर्ट, (१९९८), प्रजातन्त्रका बारेमा, क्रिएसन मिडिया प्रा.लि.।

तिवारी, रामकृष्ण (२०६८), नेपाली राजनीतिमा माओबादी जनयुद्धको प्रभाव, अप्रकाशित पी.एच.डी. शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, कीर्तिपुर।

थापामगर, टुकबहादुर (२०६७), नेपालमा जनजाति र संघीयता : चुनौति र अवसरहरु, आदिवासी जनजाति जर्नल (जर्नल अफ इन्डिजेनस नेसनालिटिज), पृ.३५, अङ्क(३ मंसिर, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

थुलुङ, नारदमुनी (२०४२), किरातको नालीबेली, श्रीमति अंगुरबाबा कन्दङ्वा ।

निप्सुङ, अंक २२ (२०६२), किरात राई यायोक्खा, केन्द्रिय समिति ।

नेपालका माओवादी : तिनका लक्ष्य, संरचना र रणनीति (Nepals Maoists: Their Aims, Structure and Strategy), Retrieved from http//www.crisisgroup.org (Report, 104/Asia, 27 Oct. 2005). Visited on 16 March, 2020.

न्यौपाने, गोबिन्द (२००५), नेपालमा जातिय प्रश्न, सेन्टर फर डेभलपमेन्ट स्टडिज ।

पाण्डेय, मधुसुदन (२०६४), नेपालका जनजातिहरु, पैरबी प्रकाशन ।

बराल, भवानी (२०६१), यस्तो हुनु पर्छ राज्यको संरचना, स्वायत्त शासन सरोकार मञ्च ।

बिज्ञप्ति (२०७९), ने.क..पा. माओवादी कोशी प्रदेश कमिटीद्वारा प्रकाशित मिति २०७९/१२/१७ को बिज्ञप्ति र मिति २०७९/१२/१२ मा प्रकाशित कोशी प्रदेश सर्बदलीय बिज्ञप्ति, ने.क.पा. एमाले, नेपाली कांग्रेस पार्टी, ने.क.पा. माओवादी र रा.प्र.पा. ।

बोम्बिएमे, ईमेहाङ्ग (२०६५), किरात, खम्बु र खम्बुवान, खम्बुवान राष्ट्रिय मोर्चा, केन्द्रिय कार्य समिति ।

याक्खा राई, दुर्गाहाङ (२०५५), किरात : हिजो र आज, किरात राई यायोक्खा, केन्द्रिय समिति ।

राई, चन्द्रबिक्रम (२०६६त), किरात स्वयत्त राज्य, किरात राई यायोक्खा, सातौं राष्ट्रिय सम्मेलन आयोजक समिति ।

राई, पर्बतकुमार (२०८१), नेपालको प्रजातान्त्रिक आन्दोलनमा किरात राई समुदायको योगदान, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

श्रेष्ठ, अमन (२०७२), संबैधानिक बिकासक्रम तथा नेपालको संबिधान, राष्ट्रिय सूचना मञ्च ।

श्रेष्ठ, शिवकुमार (२०४२), लिम्बुवानको ऐतिहासिक अध्ययन, श्रीमति गंगादेवी श्रेष्ठ ।

Baral, L. K. (2006). Participatory democracy concept and context. Nepal quest for participatory democracy, p.p.7-11, ADROIT Publishers.

Baral, L. K. (2011). Maoist insurgency a prognostic analysis. Nepal facets of maoist insurgency, p.p.185-209, ADROIT Publishers.

Hoftun, M., Raeper,W., & Whelpton, J. (1999). People, politics & i d e o l o g y , democracy and social change in Nepal. Mandala Book Point.

Karki, M.B. (2012). Social movement. Social movement, vol.39, p.p.i-x. Centre for Nepal and Asian studies.

Khanal, K. (2011). The maoist agenda of restructuring the state : an appraisal. Nepal facets of maoist insurgency, p.p.164-184, New Delhi: ADROIT Publishers.

Lawoti, M. & Pahari, A. (2010). The maoist insurgency in Nepal: Revolution in the twenty first century, Routledge. (A compendium of sociology, vol. ii, 2018, Tribhuvan University).

Lijphart, A.J.C. (1977). Democracy in plural societies: A comparative exploration. Yale university press. Retrieved from https://www.jstor.org

Muni, S.D. (2003). Maoist Insurgency in Nepal: The Challenges and the Responses. Rupasi.

National Population and Housing Census, 2021. Rettrieved from www.censusnepal.cbs.gov.np